बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौँडा, नेपाल

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०८।०५**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौँडाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि सहभागी हुन इच्छुक एवं मापदण्ड पुगेका आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम मितिसम्म कार्यालय समयमा आइपुग्ने गरी तपसिलमा उल्लिखित कागजात सहित सम्बन्धित पशु सेवा कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नुहुन सूचित गरिन्छ। साथै रीत नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोट प्रक्रियामा समावेश गरिने छैन।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको कुल बजेट | एकाइ | परिमाण | बजेट प्रति एकाइ | कार्यविधि | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्यजन्य उपजहरूको मूल्य श्रृङ्खला विकास कार्यक्रम | २ (दुई) करोड | सङ्ख्या | ८ | बढीमा २५ लाख | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरूको मूल्य श्रृङ्खला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१।०८।२५ |
| २ | साझेदारीमा पशुपन्छी स्रोत केन्द्र स्थापना (गाई २, भैंसी २, बाख्रा २ र बङ्गुर २) | २ (दुई) करोड | सङ्ख्या | ८ | बढीमा २५ लाख | पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०८१ | मिति २०८१।०९।०४ |
| ३ | रेन्बो ट्राउट पूर्वाधार विकास कार्यक्रम | ७५ (पचहत्तर) लाख | सङ्ख्या | ५ | बढीमा १५ लाख | प्रविधि पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१।०९।०४ |
| ४ | आधुनिक कोल्ड रुम/बधस्थल निर्माण | ४५ (पैंतालीस) लाख | सङ्ख्या | ३ | बढीमा १५ लाख | | |
| ५ | बाख्राको बड्क्यौलाबाट मल बनाउने प्रविधि तथा पूर्वाधारमा सहयोग कार्यक्रम | ८० (असी) लाख | सङ्ख्या | ४ | बढीमा २० लाख | | |
| ६ | खसी बोका सङ्कलन केन्द्र स्थापना | ३० (तीस) लाख | सङ्ख्या | २ | बढीमा १५ लाख | | |
| ७ | फ्लोटिङ फिस फिड उद्योगलाई विद्युत खपत महसुलमा ५० प्रतिशत सहुलियत | ५ (पाँच) लाख | स्वीकृत बजेटको परिधिभित्र रही रीतपूर्वक दर्ता भएका आवेदकहरूलाई उपलब्ध गराइने | | | पशुपन्छी तथा मत्स्य व्यवसायीहरूका लागि विद्युत खपत महसुलमा सहुलियत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मिति २०८१।०९।०४ |
| ८ | मत्स्यपालक कृषक व्यवसायीहरूलाई विद्युत खपत महसुलमा ५० प्रतिशत सहुलियत | १० (दस) लाख | | | | | |
| ९ | सहकारीबाट सञ्चालित दुग्ध चिस्यान केन्द्रहरूलाई विद्युत खपत महसुलमा ५० प्रतिशत सहुलियत | ३५ (पैंतीस) लाख | | | | | |

**आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. रु. १०।- को हुलाक टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन
२. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाणपत्र, पान नं. दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र
३. कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि र सहकारी संस्थाको हकमा अध्यक्षको नागरिकताको प्रतिलिपि
४. समूह/सहकारीको हकमा संस्थाको बैठकको निर्णयको प्रतिलिपि।

**पशुपन्छी तथा मत्स्यजन्य उपजहरूको मूल्य श्रृङ्खला विकास कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरू**

१. अनुसूची-३ बमोजिमको प्रस्ताव, अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र
२. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट सिफारिस पत्र
३. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस
४. सङ्कलन/प्रशोधन/भण्डारण/बजारीकरणमा मात्र संलग्न हुने आवेदकको हकमा उत्पादकसँग गरेको खरिद बिक्री सम्झौता
५. आवश्यक अन्य कागजातहरू

**साझेदारीमा पशुपन्छी स्रोत केन्द्र स्थापना कार्यक्रम**

१. गत आ.व.को लेखापरीक्षण प्रतिवेदन
२. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा १० वर्षको करार सम्झौता पत्र र सो सम्झौता पत्र नोटरी पब्लिकद्वारा प्रमाणित गरेको हुनुपर्ने
३. ५० प्रतिशत साझेदारी लगानी गर्नका लागि रकम खुल्ने बैंक इस्टिमेट वा बैंकले लगानी गर्ने प्रतिबद्धता पत्र
४. सम्बन्धित पशु सेवा कार्यालयको सिफारिस
५. अनुसूची ६ अनुसारको वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण
६. अनुसूची ४ अनुसारको स्वघोषणा पत्र
७. अनुसूची ५ बमोजिमको कार्यस्थान खुल्ने नक्सा
८. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस पत्र

**रेन्बो ट्राउट पूर्वाधार विकास कार्यक्रम/आधुनिक कोल्ड रुम/बधस्थल निर्माण/बाख्राको बड्क्यौलाबाट मल बनाउने प्रविधि तथा पूर्वाधारमा सहयोग कार्यक्रम/खसीबोका सङ्कलन केन्द्र स्थापना कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरू**

१. अनुसूची ३ अनुसारको प्रस्ताव, अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र
२. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयबाट सिफारिस पत्र
३. संरचना निर्माणको हकमा डिजाइन र लागत अनुमान
४. निर्माण स्थलको कागजात

**विद्युत महसुलमा अनुदान कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरू**

१. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए करार सम्झौता पत्र वा नवीकरण भएको प्रमाण र चिस्यान केन्द्र/मत्स्यजन्य व्यवसाय/उद्योगको प्रस्ट देखिने फोटो
२. गत आ.व. २०८०/०८१ को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि
३. सम्बन्धित स्थानीय तहबाट उद्देश्य अनुसार विद्युत प्रयोग भइरहेको व्यहोरा उल्लेख भएको ग्राहक नम्बर समेत खुल्ने गरी सिफारिस पत्र
४. दूध चिस्यान/माछापालन/उद्योगमा खपत हुने बिजुलीका लागि आवेदकको नाममा विद्युत मिटर जडान गरिएको प्रमाण वा आवेदकले प्रयोग गरेको भनी विद्युत प्राधिकरणबाट सिफारिस पत्र
५. आ.व. २०८०/०८१ विद्युत महसुल तिरेको रसिदको प्रतिलिपि

**पुनश्च:** पशुपन्छी तथा मत्स्य व्यवसायहरूका लागि विद्युत खपत महसुलमा सहुलियत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, कृषि/पशुपन्छी तथा मत्स्यजन्य उपजहरूको मूल्य श्रृङ्खला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ र पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०८१ लगायत उल्लिखित अनुसूचीहरू पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौँडाको वेबसाइट dolfd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। साथै यस निर्देशनालयको सम्पर्क नम्बर ०५७-५२४३१९/०५७-५२४२५४ मा सम्पर्क गरी वा सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयमा सम्पर्क गरी कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ।